# टीकापुर नगरपालिका

# आमासंग उपमेयर कार्यक्रम संचालन सम्बन्धि कार्यविधि, २०७६

**स्वीकृत मिति : २०७६/०४/१७**

प्रस्तावना :

नेपालको संविधानले प्रत्येक नेपाली नागरिकलाई राज्यबाट प्राप्त हुने आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने तथा स्वास्थ्य सेवामा सबैको समान पहुँच रहने कुरालाई मौलिक हकको रुपमै प्रत्याभूत गरेकोले गुणस्तरीय स्वास्थ्य तथा पोषण प्रवर्द्धन गर्न नगरपालिका भित्र सुत्केरी हुने आमाहरुको स्वास्थ्य स्थितिमा सकारात्मक सुधार ल्याउन, आमा र नवशिशुलाई स्वस्थ्य राख्न आमाहरुको उच्च सहभागिताको सुनिश्चितता गर्दै आमा तथा बालबालिकाको शारीरिक, मानसिक र बौद्धिक बिकासमा सुधार ल्याउन पोषिलो खाना खान उत्प्रेरित र सशक्तिकरण गर्न बान्छनीय भएकोले,

टीकापुर नगरपालिकाले **आमासंग उपमेयर कार्यक्रम संचालन सम्बन्धि कार्यविधि, २०७६** बनाएको छ। यो कार्यविधि टीकापुर नगरपालिका नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मिति बाट लागू हुनेछ।

## १. उद्देश्यः

१.१. मातृ तथा बाल स्वास्थ्यका साथै पोषण सेवा उपलब्ध गर्न र गलत सामाजिक अभ्यासहरु तथा कुरीतिहरुको अन्त्य गर्दै बाधाहरु हटाउन,

१.२. आमा तथा अभिभावकहरुलाई पोषण सेवाको जानकारी गराउन र सेवा लिनको लागि अभिप्रेरित गर्न,

१.३. मातृ शिशु स्वास्थ्यमा समुदाय र स्थानीय स्वास्थ्य संस्था बिच सहकार्य बढाउन,

१.४. लक्षित समुदायलाई सेवा लिन अभिप्रेरित गर्न स्थानीय सरकारले जिम्मेवारी तथा अपनत्व वहन गरेको अनुभुति दिलाउन,

१.५. गरिब, जोखिममा परेका र सामाजिक रुपमा उपेक्षित बर्गको महिलाहरुलाई स्वास्थ्य सेवामा सहभागी हुने अवसर प्रदान गर्न,

१.६. प्रजनन स्वास्थ्य एक आधारभूत स्वास्थ्य सेवा भएको र यो सवैको अधिकार भएको कुरा समुदायको लक्षित बर्गसम्म जानकारी गराउन तथा उनीहरुलाइ यसको बारेमा सचेत गराउन,

१.७. स्वास्थ्य सेवाको उपयोगितामा वृद्धि गर्दै संस्थागत सुत्केरी सेवामा वृद्दि गर्न,

## २. पोषण कोसेली प्रदान गर्न सकिने :

२.१. आ.व. ०७६/०७७ को श्रावण १ गते देखी अस्पताल वा स्वास्थ्य संस्थामा सुत्केरी हुने आमाको हकमा मात्र यो कार्यविधि लागु हुनेछ,

२.२. टीकापुर नगरपालिकाको स्थायी बासिन्दा भई सम्बन्धित वडाको सिफारिश भएको,

२.३. नेपाली नागरिक भई २० वर्ष उमेर पुरा भएकीलाई मात्र,

२.४. टीकापुर नगरपालिका भन्दा अन्यत्रको नागरिकता भएमा विवाह दर्ता प्रमाण पत्रको प्रतिलिपी,

२.५. नेपालको अन्य कुनै जिल्लाबाट बसाई सराई गरी आएका नेपाली नागरिकको हकमा बसाई सराई भएको हुनु पर्ने,

२.६. यो कोसेली सेवा सुत्केरी महिलाले २ पटक सुत्केरी अवधि सम्म मात्र पाउने छन ।

## ३. पोषण कोसेली पाउने आधारहरुः

३.१. सुत्केरी महिलाको उमेर २० वर्ष पुरा भएको हुनु पर्ने ।

३.२. महिलाले नेपाल सरकारले तोके बमोजिम स्वास्थ्य संस्थामा चार पटक जाँच गरेको हुनु पर्ने,

३.३. सुत्केरी स्वास्थ्य संस्थामा भएको हुनु पर्ने,

३.४. तीन पटक सुत्केरी जाँच गरेको हुनु पर्ने

## ४.आवश्यक कागजातहरु :

४.१. अनुसूची –१ बमोजिमको फारम भरिएको निवेदन र सो निवेदनमा सम्बन्धित महिला स्वास्थ्य स्वंयसेवकको सिफारिस

४.२. महिलाको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी,

४.३. शिशुको अस्पताल वा स्वास्थ्य संस्थाबाट प्राप्त जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपी,

४.४. अन्य जिल्लाबाट बसाई सराई गरि आएको भए प्रमाण पत्रको प्रतिलिपी,

४.५ टीकापुर नगरपालिका भन्दा अन्यत्रको नागरिकता भएमा बाबु आमाको विवाह दर्ता प्रमाण पत्रको प्रतिलिपी,

४.६. अस्पताल वा स्वास्थ्य संस्थाले उपलब्ध गराएको गभर्वती तथा नवजात शिशु सेवा कार्डको प्रतिलिपि

## ५.कोसेली प्रदान गर्ने तरिका :

५.१. टीकापुर नगरपालिका अन्तर्गत अस्पताल वा प्रसुति केन्द्र रहेको स्वास्थ्य संस्थाहरुमा निवेदन दर्ता भएका प्रत्येक सुत्केरी महिलालाई एक पटक रु.१०००/– बराबरको पोषण कोसेली उपलब्ध गराइनेछ । यसरी उपलब्ध गराईने पोषण कोसेली टीकापुर नगरकार्यपालिकाले स्थानीय प्रसुति केन्द्र रहेको स्वास्थ्य संस्थाहरु वा अस्पतालमा मासिक रुपमा एक पटक नगरपालिकाका मेयर, उपमेयर, वडा अध्यक्ष, वा अन्य प्रतिनिधि मार्फत वितरण गरिनेछ ।

## ६. पोषण कोसेलीमा प्रदान गरिने सामग्रीहरु :

टीकापुर नगरकार्यपालिकाको कार्यालयको बजेटको परिधिमा रही प्रति सुत्केरी महिलाले रु.१०००। बराबरको
स्थानीय बजारमा उपलब्ध हुने अण्डा, गेडागुडीहरु, फलफुलहरु, हरियो सागपात, घिउ आदि पोषण सामग्रीहरु वितरण गरिनेछ ।

## ७. विविध

७.१. **बाधा अडकाउ फुकाउन सक्ने** : यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै वाधा अड्काउ आएमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

**७.२. कार्यविधिको संशोधन तथा परिमार्जन :** कार्यपालिकाको बैठकले यस कार्यविधिमा आवश्यक संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

**७.३. अनुसूचिमा हेरफेर तथा थपघट** : कार्यपालिकाले अनुसूचिमा आवश्यक हेरफेर तथा थपघट गर्न सक्नेछ ।

७.४. **बाझिएमा :** यो कार्यविधिमा उल्लेख भएका प्रावधान र प्रक्रियाहरु स्थानीय सरकार संचालन ऐन, २०७४ र अन्य प्रचलित कानून संग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

७.५. **कारवाही** : यस कार्यविधि विपरित टीकापुर नगरपालिका क्षेत्र बाहिरका महिलाको हकमा गर्न /गराउन वा त्यस्तो निर्णय वा आदेश दिन वा सिफारिस तथा सहयोग गर्न पाइने छैन ।

## अनुसूची–१

पोषण कोसेली सेवा लिन पेश गरिने निवेदनको ढाँचा

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय

टीकापुर कैलाली ।

विषय :– पोषण कोसेली उपलब्ध गराई पाउँ ।

(१) महिलाको नाम :

(२ ) महिलाको नागरिकता प्रमाण पत्र नं. र नागरिकता लिएको जिल्ला :

(३) पति/अभिभावकको नाम  र नागरिकता प्रमाण पत्र नं.  :

(४) संम्भव भएमा नवशिशुको नाम :

(५) जन्म मिति :

(६) नवशिशु जन्मेको अस्पताल वा स्वा.संस्थाको नाम :

(७) जन्म दर्ता प्रमाण पत्र नम्बर :

(८) महिलाको नागरिकता अन्यत्रको भएमा विवाह दर्ता प्रमाण पत्र नम्बर :

(९) बसाई सराई गरी आएकाको हकमा बसाई सराई दर्ता प्रमाण पत्र नम्बर :

(१०) ठेगाना  : जिल्ला : ...........  गा.पा./न.पा. ................वडा नं.  ......टोल : ....... ..व्लक नं......

(११) सम्बन्धित क्षेत्रको महिला स्वास्थ्य स्वंयसेवकको सिफारिश /सही

(१२) परिचयपत्र खुल्ने प्रमाण पत्र : नागरिकता /जग्गाधनी प्रमाण पूर्जा /मतदाता परिचयपत्रको प्रतिलिपी/ महिला स्वास्थ्य स्वंयसेवकको सिफारिस / अन्य प्रमाण :